देवाही गोनाही नगरपालिका

# स्थानीय राजपत्र

देवाही गोनाही नगरपालिकाद्वारा प्रकाशित

खण्ड: ४, संख्या : ३, मिति : २०७९/०५/१०

## भाग-२

देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको

## सूचना

# देवाही गोनाही नगरपालिका अनुदान तथा आर्थिक सहायता दिने सम्बन्धी कार्यविधि, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९।०५।१०

**प्रस्तावना** : देवाही गोनाही नगरपालिकाबाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथा जिन्सी मालसामान लगायतका अनुदान छिटो, छरितो, मितव्ययी पारदर्शी एवं प्रभावकारी रुपमा, प्रवाह गर्न र अनुदान प्राप्त गर्ने संघ संस्थाहरुलाई अनुशासित, जवाफदेही र उत्तरदायी बनाई परिणाम हासिल गर्न, देवाही गोनाही नगरपालिकाको नगर सभाबाट पारित भएका वार्षिक योजना तथा कार्यक्रमहरुमा संघ संस्थाबाट गराउनु पर्ने उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न र गराउन देवाही गोनाही नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ को उपदफा (१) बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देवाही गोनाही नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।



प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद १
## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) संक्षिप्त नाम : यस कार्यविधिको नाम "देवाही गोनाही नगरपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि २०७९" रहनेछ ।

(२) यो कार्यविधि देवाही गोनाही नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

२. **परिभाषा र व्याख्या :**

(क) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन २०७४" लाई जनाउनेछ ।

(ख) "सभा" भन्नाले देवाही गोनाही नगरपालिकाको नगर सभालाई जनाउनेछ ।

(ग) "कार्यपालिका" भन्नाले देवाही गोनाही नगरपालिका नगर कार्यपालिकालाई जनाउनेछ ।

(घ) "कार्यविधि" भन्नाले देवाही गोनाही नगरपालिकाको अनुदान तथा आर्थिक सहायता दिने सम्बन्धी कार्यविधि, २०७९ लाई जनाउनेछ ।

(ङ) "विधान" भन्नाले संस्थाको स्वीकृत विधानलाई जनाउनेछ ।

(च) "सञ्चालक समिति वा कार्यकारी समिति भन्नाले" संस्थाको विधान अनुसार कार्यकारीको रुपमा कार्य गर्न गरी गठित अधिकार प्राप्त समितिलाई जनाउनेछ ।

(छ) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम गठीत सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक, बौद्धिक, धार्मिक , सास्कृतिक, वैज्ञानिक आदि कार्यगर्न गठित संघ , संस्था, संगठन, क्लब, अध्ययन केन्द्र, मण्डल, प्रतिष्ठान, परिषद आदि गैर सरकारी निकायहरु र विद्यालय, महाविद्यालय, स्वास्थ्य संस्थाहरु आदि सरकारी संस्थाहरुलाई समेत जनाउनेछ ।

(ज) "प्रस्ताव" कार्यक्रमको विस्तृत विवरण सहित अनुदान माग गरिएको **अनुसुचि-१** वमोजिमको निवेदन सहितको परियोजनालाई जनाउनेछ ।

(झ) "लागत" कार्यक्रमका लागी लाग्ने कुल खर्च रकमलाई जनाउनेछ ।

(ञ) "लेखा परीक्षण प्रतिवेदन" रजिष्टर्ड लेखा परिक्षकवाट संस्थाको लेखा परिक्षण गरी दिएको प्रतिवेदनलाई जनाउनेछ ।

(ट) "सार्वजनिक निजि साझेदारी" भन्नाले देवाही गोनाही नगरपालिकासँग करार गर्न योग्य कानुनी व्यक्ति बीच लगानी, सेवा प्रवाह र जोखिम संयुक्त रुपमा बहन गर्न इच्छुक भई भएको करार व्यवस्थालाइ जनाउनेछ ।

(ठ) "लाभग्राही समूह" भन्नाले प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको समूहलाइ जनाउनेछ ।

(ड) "विशेष कोष" भन्नाले ऐन नियम बमोजिम स्थापना भएको कोषलाई जनाउनेछ ।

(ढ) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागी देवाही गोनाही नगरपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुजीगत अनुदान समेत लाई जनाउनेछ ।

(ण) "कार्यकम अनुदान" भन्नाले लागत अनुमानका आधारमा सम्झौता गरी सम्झौतामा उल्लेख भए अनुसार दिईने आर्थिक तथा प्राविधिक सहयोग लाईजनाउनेछ ।

(त) "आर्थिक सहायता" भन्नाले विपदका समयमा, संकमण अवस्थामा विना लागत अनुमान व्यक्ति वा संस्थालाई-दिईने आर्थिक तथा प्राविधिक सहयोगलाई जनाउनेछ ।

(थ) "संस्थागत अनुदान" भन्नाले वार्षिक नीति तथा कार्यक्रम अनुसार सम्झौतामा उल्लेखित शर्तअनुसार संस्था आफैले संचालन गर्नेगरी दिइने रकमलाई जनाउनेछ ।

(द) " नगरपालिका" भन्नाले देवाही गोनाही नगरपालिकालाई जनाउनेछ ।

## परिच्छेद २
## प्राथमिकता क्षेत्र र संस्थाको सूची दर्ता

३. **प्राथमिकता क्षेत्रहरु** : (१) देवाही गोनाही नगरपालिकाले अनुदान उपलब्ध गराउन प्रस्तावित कार्यक्रमको स्वीकृती देहायका प्राथमिकताका आधारमा गर्नुपर्नेछ :

(क) महिला, दलित, आदिवासी जनजाती र पिछडिएका समुदायहरुसंग सम्वन्धित आयमूलक, सीपमूलक, रोजगारी सिर्जना एवंक्षमता विकास गर्ने कार्यकमहरु,

(ख) जनचेतनामूलक तथा साक्षरतामुलक कार्यक्रमहरु,

(ग) मधेस संस्कृतिको संरक्षण, सम्पदा संरक्षण र पर्यटन विकास सम्बन्धी कार्यकमहरु,

(घ) वातावरण संरक्षण, सम्वर्धन र विकास सम्बन्धी कार्यकमहरु,

(ङ) विपद् जोखिम न्युनीयकरण सम्बन्धी कार्यकमहरु,

(च) समुदायमा आधारित सहभागितामुलक कार्यकमहरु,

(छ) गरिबी न्युनीकरणमा सहयोग पुऱ्याउने कार्यकमहरु,

(ज) दलित, पिछडा वर्ग, जनजाती, महिला तथा अपाङ्गता भएका बालबालिका शिक्षामा पहूच सुनिश्चित गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरु, र बाल विकास, बालश्रम उन्मूलन, बालस्वास्थ्य, बालशिक्षा, बालअधिकार, बाल मनोविज्ञान सम्बन्धि कार्यक्रमहरु ।

(झ) खेलकुद विकाससँग सम्बन्धित कार्यक्रमहरु

(ञ) स्थानीय टोल, समुदायको क्षमता विकास, जनचेतना अभिवृद्धि, पूर्वाधार विकास, सामाजिक परिचालन एवं सहभागीतामूलक कार्यक्रम

(ट) स्थानीय श्रोत र साधन परिचालन हुने कार्यक्रमहरु ।

(ठ) गृहिणीहरुको स्वास्थ्यमा सुधार हुने खालको (ग्यास सिलिण्डर तथा चूलो वितरण) कार्यक्रमहरु ।

(ड) जनप्रतिनिधि तथा कर्मचारीहरुको स्वास्थ्यमा सुधार गर्ने कार्यक्रमहरु ।

(ढ) नेपाल सरकार र नगरपालिकाको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरु

(ण) दीगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुयाउने कार्यकमहरु ।

(त) कार्यसम्पादन मुल्याडकनमा सहयोग पुऱ्याउने कार्यकमहरु ।



प्रमुख प्रशासकीय अधिकृत

(थ) आर्थिक सहायताको हकमा देहाय बमोजिमको व्यक्तिहरुलाई

१) अशक्त विरामी,

२) अपाङ्ग,

३) वृद्ध-वृद्धा,

४) बेखर्ची व्यक्तिहरु

(द) प्राकृतिक विपत्ति तथा विपद्मा परेका व्यक्तिहरु

(ध) देवाही गोनाही नगरपालिकाका कर्मचारीहरुलाई जटिल रोग लागी स्वास्थ्य उपचार गर्नुपरेमा ।

(न) छोरी पढाउ अभियनमा मद्दत पुग्ने खालको कार्यक्रम जस्तै छात्राहिरुलाई ल्यापटप कम्प्यूटर वितरण, कम्प्यूटर तालिम सञ्चालन, साइकल वितरण, विद्यालय पोषाक वितरण जस्ता कार्यक्रमहरु ।

४. **सङ्घ/संस्था सूचिकृत गर्ने सम्बन्धी व्यवस्था :** (१) देवाही गोनाही नगरपालिकाबाट प्रदान गरिने संस्थागत तथा कार्यक्रम अनुदानका लागि सर्वप्रथम देवाही गोनाही नगरपालिकाको **अनुसूचि-२** बमोजिमको सूचना अनुसार दर्ता भइ सूचिकृत हुन निवेदन सङ्घ/संस्थाको सूचिकृत गर्नुपर्नेछ । सूची दर्ता गर्दा देहाय बमाजिम कागजातहरु संस्थाको अध्यक्ष वा महासचिव वा सचिवबाट प्रमाणित गरी छाप लगाई पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक सहयोगको लागि भने सूचिकृत हुनु पर्ने छैन ।

## परिच्छेद ३

## अनुदान तथा आर्थिक सहायताका प्रकार र प्रक्रियाहरु

५. **अनुदानका प्रकारहरु** : (१) देवाही गोनाही नगरपालिकाले देहायका अनुदान दिन सक्नेछ ।

(क) संस्थागत अनुदान

(ख) कार्यक्रम अनुदान

(ग) आर्थिक सहायता

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको संस्थागत अनुदानः कुनैपनि सरकारी संस्था, अर्धसरकारी संस्था कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्ताव दफा ३ मा उल्लेखित प्राथमिकता र नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको आधारमा स्वीकृत गरी संस्था आफैले सम्पूर्ण कार्य गर्ने गरी प्रगति विवरणको आधारमा निकासा उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम शुरुमा स्वीकृत कार्यक्रमको एकतिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिनेछ । अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भए पश्चात नगरपालिकाबाट अनुगमन भएपछि मात्र उपलब्ध गराउन सकिनेछ । यसरी सम्बन्धित संस्थाले



प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रम बनाई खर्च गर्ने गरि निकासा पठाउँदा उक्त कार्यको लेखा परीक्षण प्रतिवेदन समेत उपलब्ध गराउने व्यवस्था समेत सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (३) जुनसुकै कुरा लेखिएको भए तापनि यस देवाही गोनाही नगरपालिकामा विगतका वर्षहरुमा काम गरेका संस्थाहरुको कार्यसम्पादन राम्रो भएको र नगर सभाबाट किटान गरिएका सङ्घ/संस्थाको हकमा एकमुष्ठ संस्थागत अनुदान रकम उपलब्ध गराउन सकिने छ ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको कार्यक्रम अनुदान कुनैपनि सरकारी संस्था, अर्धसरकारी संस्था कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्तावको दफा ३ मा उल्लेखित प्राथमिकताको आधारमा र नगर सभाबाट स्वीकृत योजना तथा कार्यक्रमको आधारमा स्वीकृत गरिनेछ ।

(६) उपदफा (५) बमोजिमको कार्यक्रममा शुरुमा स्वीकृत कार्यक्रमको एकतिहाई रकम पेश्की स्वरुप उपलब्ध गराउन सकिने छ । उक्त कार्यको अनुगमन मूल्याङ्कन देवाही गोनाही न.पा.ले गर्ने गरि कार्यप्रगति विवरणको आधारमा सोधभर्ना स्वरुप रकम उपलब्ध गराइनेछ । अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भए पश्चात मात्र उपलब्ध गराउन सकिनेछ ।

(७) उपदफा (१) को खण्ड (ग) बमोजिमको आर्थिक सहायता आर्थिक सहायताको लागि व्यक्ति वा संस्थाको निवेदन प्राप्त भए पछि स्वीकृत ब़जेटको परिधीभित्र रही नगर कार्यपालिकाले रकम भुक्तानी गर्न निर्णय गर्न सक्नेछ । सोहि निर्णयको आधारमा एकमूष्ठ वा किस्ताबन्दीको आधारमा रकम उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ४
## अनुदानका विषयगत क्षेत्रहरु

६. **अनुदानका क्षेत्रहरु :** (१) देवाही गोनाही नगरपालिकाले कार्यक्रम अनुदान दिन सक्ने विषयगत क्षत्रहरु देहाय बमोजिम हुनेछ ।

(क) शैक्षिक तथा जनचेतनामूलक कार्यक्रमहरु,

(ख) वृद्ध वृद्धा आश्रमहरु संचालन सम्बन्धि कार्यक्रमहरु,

(ग) राहत तथा पुर्नस्थापना सम्बन्धि कार्यक्रमहरु,

(घ) वातावरण, जलबायु परिवर्तन सम्बन्धि संरक्षण, विकास र सम्वर्द्धन सम्बन्धि कार्यक्रमहरु,

(ङ) प्रकोप तथा विपद व्यवस्थापन र पुर्वतयारी सम्वन्धि कार्यक्रमहरु,

(च) स्वास्थ्य शिविरहरु, रक्तदान कार्यकमहरु, विशेष खोप कार्यकमहरु,

(छ) अपाङ्ग बालबालिका हेरचाह, उद्धार, शिक्षा र पुर्नस्थापना सम्वन्धि कार्यक्रमहरु,

(ज) मसानघाट, चिहान, किया पुत्री दाह संस्कार व्यवस्थापन सम्बन्धि कार्यक्रमहरु,

(झ) सुकुम्बासी समस्या समाधान सम्वन्धि कार्यक्रमहरु,

(ञ) घरेलु बाल श्रमिक सम्बन्धि कार्यक्रमहरु,

प्रमुख प्रशासकीय अधिकृत

(ट) सडक बाल बालिकाको पुर्नस्थापना, शिक्षा, उद्धार सम्वन्धि कार्यक्रमहरु,

(ठ) वेवारिसे सडक मानव (मानसिक रोगी, वृद्ध, घरबार बिहिन मानिसहरु ) सम्वन्धि कार्यक्रमहरु,

(ड) बेरोजगारका लागि सीपमुलक तालीम (गैर नाफामुलक) सञ्चालन गर्ने संस्थाहरु,

(ढ) वृक्षारोपण (नदी किनार, सडक पेटी, सार्वजनिक स्थल आदि) सम्बन्धि कार्यगर्ने संस्थाहरु,

(ण) स्थानीय भाषा, संस्कृति संरक्षण र विकास सम्वन्धि सम्वन्धि कार्यक्रमहरु

(त) राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पदा संरक्षण, विकाससँग सम्बद्ध सम्वन्धि कार्यक्रमहरु,

(थ) मधेश संस्कृति संरक्षण, ऐतिहासिक पुरातत्विक स्थलको संरक्षण, ऐतिहासिक पोखरी, उधान, पाटी, पौवा, सत्तल, मन्दिर, गुम्बा, मस्जिद, देवल आदिको संरक्षण, सम्बर्द्धन, विकास सम्बन्धि कार्यक्रमहरु,

(द) स्थानीय जात्रा, पर्व, उत्सव र यस्तै प्रकारका सम्वन्धि कार्यक्रमहरु,

(ध) खेलकुदको विकाससँग सम्बन्धित स्थानीय तथा राष्ट्रिय स्तरका सम्वन्धि कार्यक्रमहरु,

(न) स्थानीय जनचेतनामुलक सकारात्मक सोच अभिवृद्धि गराउने उद्देश्यले संचालित कार्यक्रमहरु,

(प) सुरक्षित आवासगृह ।

(२) देवाही गोनाही नगरपालिकाले देहायका प्रक्रिया अपनाई कार्यकम अनुदान दिने सक्नेछ :

(क) **सामुदायिक भवन, शौचालय, खानेपानी धारा तथा ट्याङ्कीको निर्माण, मर्मत, जीर्णोद्धार :** सामुदायिक विद्यालय र सामुदायिक भवन, शौचालय, पानी ट्याङ्की, धाराको निर्माण, सुधार, जिर्णोद्धार, मर्मत गर्नका लागि आर्थिक वा प्राविधिक सहयोग आवश्यक भएको लिखित जानकारी कार्यालयले प्राप्त गरी स्वीकृत भएमा, प्राविधिकबाट पुष्ट्याई गरिएको लागत अनुमान, अन्य निकायको सहभागीता सम्बन्धि लिखित प्रतिबद्धता, सम्बन्धित पक्षले व्यहोर्ने आर्थिक तथा प्राविधिक लागत मूल्य खुलेको विवरण सहितको कागजातलाई आधारमा भवन निर्माणमा सहयोग उपलब्ध गराउदा कुल लागतको पचास प्रतिशतले हुन आउने रकम र सुधार जिर्णोद्धार, मर्मत गर्नकालागि रु. तीन लाख भन्दा वढि नहुनेगरी उपलब्ध गराईनेछ ।

(ख) स्वास्थ्य, शिक्षा, भाषा, संस्कृति, मेल मिलाप केन्द्र, पाटी पौवा सतल आदि, खेलकुद, वृक्षारोपण, वातावरण संरक्षण, विकास तथा संबर्द्धन सम्वन्धि कार्यकम :



प्रमुख प्रशासकीय अधिकृत

१) माग रकमको प्रयोजन, उद्देश्य र सो को प्रयोगबाट नगरपालिका वा नगरवासीलाई हुनसक्ने प्रत्यक्ष वा अप्रत्यक्ष फाईदाको मापन सहितको अनुदान माग निवेदन निवेदकबाट प्राप्त गर्नु पर्ने छ ।

२) माग अनुसारको कार्यक्रम संचालन हुनेस्थान र लागतको यकिन र सो कार्यक्रम संचालन गर्नलाग्ने खर्च व्यहोर्ने श्रोतहरु निवेदकबाट स्पष्ट खुलाउनुपर्ने छ ।

३) यस कार्यविधिले तोकेको प्रावधानको परिधि भित्र रही देवाही गोनाही नगरपालिका बोर्डले स्वीकृति गर्नेछ ।

४) आर्थिक सहायता तथा कार्यक्रम सहयोगको जानकारी सम्बन्धित संस्था वा व्यक्तिलाई समाज कल्याण शाखाले स्वीकृति भएको मितिले यथाशक्य चाँडो दिनुपर्ने छ ।

(ग) खेलकुद :

१) सम्बन्धित वडाबाट खेलकूद कार्यक्रम संचालन गर्न उपयुक्त र आवश्यक छ भनी गरेको सिफारिसपत्र ।

२) सम्बन्धित कार्यसमितिले देवाही गोनाही नगरपालिकासँग आर्थिक सहयोग लिईकार्यक्रम संचालन गर्ने भनि गरेको निर्णय र देवाही गोनाही नगरपालिकामा सम्पर्क र समन्वय गर्ने पदाधिकारीको नाम र पद खुलेको आधिकारीक पत्र ।

३) सम्बन्धित निकायमा दर्ताभएको प्रमाण पत्रको नविकरण प्रतिलिपी ।

४) विधानको प्रतिलिपी ।

५) खेलकुद सञ्चालन समय तालिका सहित विष्तृत विवरण

(घ) **औषधी उपचार :** देवाही गोनाही नगरपालिकाले औषधी उपचारको लागि सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

१) सम्वन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।

२) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । यस्तो कागजात निवेदन दिनेमिति भन्दा १ एक महिना पूरानो भएमा मान्य हुने छैन ।

३) सरकारी स्वास्थ्य संस्थाको डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुको विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण ।

४) कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अंग फेर्नु पर्ने वा उपचारको लागि धेरै खर्च लाग्नेभएमा सोको मेडिकल वोर्डको सिफारिस पेश गर्नुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

५) औषधी उपचार सहयोग एक व्यक्तिलाई एक पटकमा रु.१०,०००/- भन्दा वदी उपलब्ध गराईने छैन । तर क्यान्सर, मुटुरोगी, मृगौला प्रत्यारोपण, बोनम्यारो प्रत्यारोपण, स्पाइनल इन्जुरी भएका रोगीका लागी नगरपालिकाले एकपटकको लागी मात्र रु.१५,०००/-सहयोग उपलब्ध गराउनेछ ।

तर उपदफा (घ) र (ङ) वमोजिम औषधि उपचारको सहयोग नगरप्रमुखबाट निर्णय गरी वितरण गरिनेछ । यस्तो निर्णय नगरकार्यपालिकाको बैठकमा अनुमोदनको लागी पेश गरिनेछ ।

६) औषधी उपचार सहयोग उपलब्ध गराउंदा देवाही गोनाही नगरपालिका जनस्वास्थ्य विभागको राय एवं सिफारीस वमोजीम गरिनेछ । विशेष परिस्थितिमा वाहेक नगद सहयोग नदिई औषधी वा उपचारका उपकरणहरु जनस्वास्थ्य विभागले उपलब्ध गराउनेछ ।

(ङ) **छात्रवृत्ति :** देवाही गोनाही नगरपालिका क्षेत्र भित्र स्थायी वसोवास भइ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई देवाही गोनाही नगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिले निर्णय गरे अनुसार छात्रवृत्ति वितरण गरिनेछ ।

## परिच्छेद ५
## संस्थागत वा कार्यक्रम प्रस्ताव, छनौट, स्वीकृती र सम्झौता प्रकिया

**संस्थागत/कार्यक्रम प्रस्ताव पेश गर्ने :** (१) देवाही गोनाही न.पा.ले सूचिकृत संस्थाहरुवाट प्रस्ताव माग गर्न सक्नेछ । संस्थाहरुले अनुदान माग गर्दा देहाय वमाजिम कागजात सहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

(क) निर्धारित ढाँचाको प्रस्ताव सहितको निवेदन प्रति ।
(ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण सहित ।
(ग) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि नविकरण सहित ।
(घ) संस्थाको विधानको प्रतिलिपि ।
(ङ) लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
(च) संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपि ।
(छ) वडाले कार्यक्रम उपयुक्त भनि गरेको सिफारिशको सक्कलैपत्र ।
(ट) अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सो बाट भएको उपलब्धि, खर्चको बिबरण सम्वन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नुपर्ने ।
(ठ) समाज कल्याण परिषद्मा आवद्ध भएको प्रमाण पत्रको प्रतिलिपि



प्रमुख प्रशासकीय अधिकृत

(ड) नगरपालिकामा मौजुदा सूचिमा सुचिकृत भएको प्रतिलिपि

(ढ) सञ्चालन गरिने वार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण ।

(ण) संस्थाको गत वर्षको आय व्यय विवरण ।

(त) आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रमहरुको विवरण ।

(थ) संस्थाको कार्य समिति सदस्यहरुको विवरण ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले व्यक्तिगत आर्थिक सहायता लागि निवेदन मात्र पेश गरी सहायता माग गर्न सक्नेछ ।

८. **प्रस्ताव छनौट तथा स्वीकृति छनौट :** (१) प्रस्ताव प्राप्त भएपछि सम्वन्धित शाखाले परियोजना छनौटका लागि देहाय बमोजिम कुराहरु भए नभएको जाँच गर्नु पर्नेछ । प्रस्ताव छनौटका लागि देहाय बमाजिम भएको हुनुपर्नेछ

(क) प्रस्तावको साथमा दफा ७ मा तोके बमोजिम कागजातहरु भएको ।

(ख) प्राप्त कार्यक्रम प्रस्ताव देवाही गोनाही नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकतामा परेको ।

(ग) प्रस्तावमा सहयोग वा सहकार्य गर्न माग गरेको कार्यक्रमको हकमा निम्न कुराहरु स्पष्ट भएको हुनुपर्ने :

१) कार्यक्रममा सहकार्यगर्ने संस्था तथा निकायहरु ।

२) कार्यक्रमको संचालन गर्न विभिन्न संस्था तथा निकायहरुबाट वेहोरिने रकमहरु ।

३) रकम प्राप्त गर्ने समय ।

४) रकम प्राप्त गर्ने तरीका ।

(२) उपदफा (१) मा उल्लेखित विवरणहरु पूरा भएपछि सम्वन्धित शाखाबाट संस्थाको कार्यालय तथा कार्यक्रम सञ्चालन स्थलको निरीक्षण गर्नसक्नेछ । निरीक्षणका क्रममा निरीक्षण कर्ताले संस्थाको भौतिक स्रोत साधन, जनशक्ति तथा क्षमता सम्वन्धमा समेत अध्ययन गर्नुपर्नेछ ।

(३) दफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव स्वीकृत गर्ने नगर्ने अधिकार देवाही गोनाही नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

**सम्झौता :** अनुदान प्रस्ताव छनौट भई स्वीकृती भए पश्चात सम्वन्धित संस्था र देवाही गोनाही नगर कार्यपालिकाको कार्यालय बीच सम्झौता गनुपर्नेछ । सम्झौताको नमूना अनुसूचि-३ मा उल्लेख गरिएको छ । सम्झौता भए पश्चात संस्थाले सम्झौतामा उल्लेखित बुँदा बमोजिम कार्यक्रम संचालन गर्नुपर्नेछ । तर १० (दश ) हजार रुपैयाँ भन्दा कम अनुदान रकम र आर्थिक सहायता रकमको लागि सम्झौता गर्नु पर्नेछैन ।

## परिच्छेद ६

## अनुदान रकमको भुक्तानी प्रक्रिया

१०. **सम्झौता बमोजिम रकम उपलब्ध गराउने :** (१) सम्झौता प्राप्त भएपछि सम्झौतामा उल्लेख भए अनुसार कागजात सहित सम्बन्धित संस्थाले रकम माग गर्नुपर्नेछ । रकम माग भइ आएपछि देवाही गोनाही नगरपालिकाले सम्झौता अनुसार पहिलो किस्ता रकम बढीमा सम्झौता रकमको तेत्तीस प्रतिशत मात्र उपलब्ध गराउनुपर्नेछ । बाँकी किस्ता रकम देहायको प्रगति प्रतिशत विवरणको आधारमा उपलब्ध गराउनुपर्नेछ ।

तर अन्तिम किस्ता रकम भने कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र उपलब्ध गराउनुपर्नेछ । रकम उपलब्ध गराउने आधारहरु :

क) पहिलो किस्ता सम्झौता रकमको ३३ प्रतिशत पेश्की स्वरुप उपलब्ध गराउन सक्ने ।

ख) दोश्रो किस्ता काम सम्पन्न गरेको प्रतिवेदनका आधारमा ३३ प्रतिशत पहिलो किस्ताको पेश्की फर्छ्यौट गरी दोश्रो किस्ता उपलब्ध गराउने । दोश्रो किस्ताको पेश्की फछ्यौंट गरि बाँकी ३४ प्रतिशत वा खर्च रकम (लागत रकम भन्दा बढी नहुनेगरी सोध भर्ना दिने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विगत देखि काम गर्दै आएको संस्था एवं नगर सभाबाट पारित योजना तथा कार्यक्रममा अनुदान दिने भनि किटान भएको सङ्घ संस्थालाई एकमुष्ठ संस्थागत अनुदान रकम उपलब्ध गराउने सकिनेछ ।

(३) संस्थालाई उपलब्ध गराउने रकम एकाउन्टपेयी चेक मार्फत हुनेछ ।

(४) दश हजार रुपैया सम्मको सहयोग संस्थालाई पुरै उपलब्ध गराइनेछ र सोभन्दा बढीको संहयोग सम्झौतामा उल्लेख गरिए अनुसार किस्ताबन्दिमा उपलब्ध गराइनेछ ।

(५) पाँच हजारसम्मको संस्थागत वा कार्यक्रम अनुदान संस्थालाई उपलब्ध गराउँदा सम्झौता नगरि एकमुष्ठ उपलब्ध गराउन सकिनेछ ।

(६) सम्झौता अनुसारको कार्य नभएमा बाँकी रकम उपलब्ध गराइने छैन र सो सम्झौता गर्ने संस्थाहरुबाट अनुदान वापत उपलब्ध गराइएको रकम सरकारी बाँकी सरह असूलउपर गरिनेछ ।

(७) प्रगति विवरण पेश नगर्ने संस्थाहरुलाई पुनः संस्थागत तथा कार्यक्रम सहयोग उपलब्ध गराइने छैन ।

(८) माथि जुनसुकै लेखिएको भएतापनि व्यक्तिगत आर्थिक सहायता रकम बढीमा रु ५०००/ सम्म हुनेछ र उक्त रकम निवेदनको आधारमा अवस्था हेरी उपलब्ध गराउन सकिनेछ । आर्थिक सहायता उपलब्ध गराउने वा नगराउने अधिकार देवाही गोनाही नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

(९) यस कार्यविधिमा तोकिए विपरित अनुदान वितरण गरिएमा, त्यस्तो आदेश दिने, आदेश दिन सिफारीस र सहयोग गर्ने एवं भुक्तानी दिने कर्मचारी तथा पदाधिकारीबाट असूल उपर गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद ७
## निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

११. **निरीक्षण तथा अनुगमन :** (१) सम्झौता अनुसारको कार्य भए नभएको सम्बन्धमा जानकारी लिन नगरपालिकाले निरिक्षण वा अनुगमन गर्नेछ । यसरी समय समयमा निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरीएको **अनुसूचि-४** बमोजिमको प्रतिवेदन सम्बन्धित शाखामा र कार्यपालिकामा समेत प्रेषित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण गर्दा संस्थाले कार्यक्रम सञ्चालनमा लाग्ने आवश्यक सम्पूर्ण सामाग्रीहरुको व्यवस्थापन आफैले गरे नगरेको विषयमा समेत अनुगमन गर्नुपर्नेछ ।

(३) अनुगमन र मूल्याङ्कनबाट प्राप्त प्रगति विवरणको आधारमा मात्र बाँकी अनुदानको किस्ता रकम भुक्तानीका लागि सिफारीस गर्नु पर्नेछ ।

(४) उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक सहयोग रकमको भुक्तानी गर्न नियमानुसार प्रतिवेदन आवश्यक नपर्ने भनि स्पष्ट नीतिगत निर्णय भएकाको हकमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आवस्यकता पर्ने छैन ।

१२. **निरीक्षण तथा अनुगमनमा सहयोग पुऱ्याउनु पर्ने :** नगरपालिकाबाट गरिने निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद ८
## विविध

१३. **सङ्घ/संस्थाको मूल्याङ्कन गर्न सक्ने :** नगर कार्यपालिकाको कार्यालयले सूचिकृत सङ्घ/संस्थाको मूल्याङ्कन **अनुसूचि-५** बमोजिम गर्नेछ ।

१४. **सङ्घ/संस्थाहरुको हकमा सूचना जारी गर्ने :** नगरपालिका क्षेत्रभित्र काम गर्न खोज्ने सङ्घ/संस्थालाई नगरपालिकाको हित र सार्वजनिक हित अनुकूल काम गर्न **अनुसूचि-६** बमोजिमको सार्वजनिक सूचना जारी गर्न सक्नेछ ।

१३. **बाझिएमा :** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रकियाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

१४. **कारबाही :** यस कार्यविधि विपरित कार्य गर्ने सङ्घ/संस्था तथा संस्थाका पदाधिकारीहरु र त्यस्तो कार्यमा संलग्न नगरपालिकाका कर्मचारीहरुलाई प्रचलित कानुन बमोजिम र कार्यपालिकाको निर्णय बमोजिम कार्वाही गरिनेछ ।

१५. **बचाउ :** यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका आर्थिक अनुदान तथा सहयोगहरु यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन ।



**प्रमुख** प्रशासकीय अधिकृत

अनुसूचि- १
(दफा २ को खण्ड (ज) सँग सम्वन्धित)

## कार्यक्रमको प्रस्ताव र निबेदनको ढाँचा/ परियोजना प्रस्ताव

१) संस्थाको नाम :
२) संस्था दर्ता मिति :
३) नविकरण मिति :
४) संस्था दर्ताभएको कार्यालय :
५) संस्थाको कार्यक्षेत्र :
६) संस्थाको कार्यालय रहेको स्थान :
७) संस्थाको सदस्य संख्या :
८) कार्यक्रमको शिर्षक .........................
९) कार्यक्रम स्थल ......................
१०) लक्षित वर्ग.......................................
११) लक्षित संख्या.......................................
१२) कार्यक्रमको लागत
(क) लागत अनुमान (ख) संस् था आफैले बेहोर्ने रकम र प्रतिशत :
(ग) देवाही गोनाहीनगरपालिकाबाट अपेक्षा गरिएको रकम र प्रतिशत :
(घ) अन्य निकायबाट पाउनेसहयोग रकम र प्रतिशत :
१३) प्राविधिक सहयोग आवश्यक पर्ने/ नपर्ने:
१४) संयुक्त लगानीमा सञ्चालन हुने भए सो सम्वन्धि विवरण..............................
१५) लगानी व्येहोर्नेश्रोत...............................
१६) (क) यसअघि यस्तैखालका कार्यक्रम संचालन भए नभएको:
(ख) संचालन गरेकोभएमा अन्य संस्था संग सहयोग लिए/नलिएको:
(ग) सहयोग लिएकोभएमा लिएका संस्थाहरु :
(घ) हाल उक्त कार्यक ाअवस्था :
१७) अन्य विवरणहरु :
संस्थाका पदाधिकारीहरुको नामावली :
अध्यक्ष :
उपाध्यक्ष :
सचिव :
सह सचिव :
कोषाध्यक्ष :
सदस्यहरु :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि-२

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

गैरसरकारी सङ्घ संस्थाहरुलाई सूचिकृत गर्न जारी गर्ने सूचनाको ढाँचा

**विषय : सङ्घ संस्था सूचिकृत गर्ने सम्बन्धी सूचना**

आर्थिक वर्ष................ मा देवाही गोनाहीनगरपालिकाको क्षेत्रभित्र कार्य गर्न इच्छुक संघ , संस्था, संगठन, क्लब, अध्ययन केन्द्र, मण्डल, प्रतिष्ठान, परिषद लगायत गैर नाफामूलक गैरसरकारी संघ संस्थाहरुलाई नगरपालिकाको मौजुदा सुचिमा सूचिकृत हुन तपशील बमोजिम कागजातहरु संलग्न राखि १५ दिन भित्र आवेदन देवाही गोनाहीनगरपालिका ................ शाखामा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दर्ता हुन नआएका आवेदनहरुलाई सूचिमा समावेश गरिने छैन ।

<u>तपशील</u>

१. निवेदनको सक्कल प्रति
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी नविकरण सहित
३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपी नविकरण सहित
४. संस्थाको विधानको प्रतिलिपी
५. लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी
६. संस्थाको संचालक समितिको बैठकको निर्णय प्रतिलिपी
७. वडाले कार्यक्रम उपयुक्त भनि गरेको सिफारिसको सक्कलै पत्र ।
८. अघिल्लो वर्षमा (यदि लिएकोभएं) प्राप्त गरेको सहयोग रकम र सो बाट भएको उपलब्धि, खर्चको बिबरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेश गर्नुपर्ने ।
९. समाज कल्याण परिषद्मा आवद्ध भएको प्रमाण पत्रको प्रतिलिपी ।
१०. गत आ.व.मा नगरपालिकामा मौजुदा सूचिमा सुचिकृत भएको भए सो को प्रतिलिपी ।
११. संचालन गरिने बार्षिक वा पटके कार्यक्रमको विवरण ।
१२. संस्थाको गत वर्षको आय व्यय विवरण ।
१४. संस्थाको सञ्चालक समिति सदस्यहरुको विवरण ।

.......................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

देवाही गोनाही नगरपालिकाको कार्यालय

अनुसुची- ३

(दफा ९ सँग सम्वन्धित)

**सम्झौताको ढांचा**

देवाही गोनाही नगरपालिका र ...........................संस्था बीच ................................. बारेको सम्झौता पत्र देवाही गोनाही नगरपालिकाको कार्यालय (जसलाईयसपछि प्रथम पक्ष भनी सम्वोधन गरिन्छ) र श्री .............. संस्था (जसलाई यसपछि द्वित्तीय पक्ष भनि सम्वोधन गरिनेछ ) का बीच प.श.न.पा.को मिति .... ...निर्णय अनुसार.......................स्थानगत .......................................... कार्यगर्नका लागि प्रथम पक्षले रु..........रकम उपलब्ध गराउनेर दोश्रो पक्षले...............कार्य गर्ने गरि तपशिल बमोजिमका शर्त, बन्देज तथा दायित्वको अधिनमा रही गर्न सम्झौता पत्रमा स्वतन्त्र मन्जुरीका साथ सही छाप गरी १/१ प्रति बुझि लियौं दियौ ।

**शर्तबन्देज तथा दायित्वहरु**

१. प्रथम पक्षले कार्यक्रमको सम्झौता रकम.............,हुनेछ र कार्यक्रम शुरु गर्न .... प्रतिशत पेश्कि उपलब्ध गराउनेछ ।

२. दोश्रो पक्षले कार्यक्रम .................. मिति र समय भित्र सम्पन्न गरी सक्नूपर्नेछ । सम्पादन गरिने कार्य गुणस्तरीय हुनुपर्नेछ

३. प्रथम पक्षले कार्य सम्पादनको प्रगतिका आधारमा दोश्रो किस्ता रकम द्वितीय पक्षलाई सोधभर्ना/पेश्की स्वरुप उपलब्ध गरानुपर्नेछ ।

४. प्रथम पक्षको तर्फबाट खटाइएका कर्मचारीले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मुल्यांकन गर्नुपर्नेछ । सोकोप्रतिवेद न प्राप्त भएपछि दोश्रो किस्ता भूक्तानीको लागि प्रक्रिया अगाडी बढाइनेछ । अन्तिम किस्ता रकम कार्य सम्पन्न नगरी भुक्तानी गरिनेछैन । कार्य सम्पन्न भएको सात दिन भित्र कार्य सम्पन्न प्रतिवेदन पेश भए पश्चात मात्र अन्तिम किस्ता रकम भुक्तानी दिईनेछ ।

५. यस सम्झौता बमोजिम द्वितीय पक्षले काम शुरू नगरेमा वा काम शुरू गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम काम नगरेमा प्रथम पक्षले................ कार्यको सम्झौता भंग गर्नसक्नेछ । यसरी सम्झौता भंग गरिएमा द्वितीय पक्षले प्रथम किस्ता वा पेश्की वापत कुनै रकम लिइ सकेको भएमा सरकारी बाँकी सरह जुनसुकै तवरबाट असूल उपर गरी नियमानुसार आवश्यक कारवाही गरिनेछ ।

६. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतीबाट विवाद टुङ्गो लगाइनेछ । सहमतीबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

७. यस सम्झौतामा उल्लेख नभएका कूराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ तथा प्रचलित नेपाल कानुन बमोजिम हूनेछ ।

८. प्रथम पक्षबाट प्राप्त सम्झौता रकमको लेखापरीक्षण गर्ने गराउने दायित्व द्वितीय पक्षको हुनेछ ।

९. कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रथम पक्षलाई दोस्रो पक्षले उपलब्ध गराउनु पर्नेछ । यस कार्यविधि अनुसार गरिने कार्यक्रमहरुमा उपरोक्त बमोजिमको सम्झौता अनिवार्य लागु हुनेछ । यस सम्झौतामा भएका विषय बाहेकका विषयमा दुबै पक्षको मन्जुरीमा थप गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | द्वित्तीय पक्ष |
| .............................. ......(......................) | (श्रीं.........................) |
| देवाही गोनाही नगरपालिकाको कार्यालय | ...........संस था |
| साक्षी | साक्षी |
| .................. (श्री .................) | (श्री.......................) |
| | ............. सचिव |
| | ........... .........संस्था |

ईति सम्वत २०७ साल ......... महिना ................ गतेरोज ............... शुभम् ।

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचि- ४
## (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)
## अनुगमन प्रतिवेदन फारम

१) संस्थाकोनाम :-...............................

२) संस्थाको ठेगाना :-...............................

३) संस्थाको अध्यक्ष वा कार्यसमितिको कुनै पदाधिकारी (विवरण उपलब्ध गराउने पदाधिकारी) :-
...................................

४) कार्यक्रम शुरु मिति :-.........................................कार्य सम्पन्न हुने मिति...........

| क.सं. | आयोजना/कार्यक्रम को नाम | आयोजना/कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | ..... अवधिको लक्ष्य | | ...अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तिय (रू.) | भौतिक (%) | वित्तिय (रू.) | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |

(क) अनुगमनको क्रममा देखिएका समस्या/यथार्थ अवस्था : .......

(ख) समस्या समाधानका लागि गरिएका प्रयास : ...

(ग) सुझाव/सिफारिस :

(अनुगमन तथा मूल्याङ्कन समितिलाई यसका अतिरिक्त थप विवरण पेश गर्न आवश्यक लागेमा यो ढाँचा भरी उक्त विवरण समेत संलग्न राखी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ।)

...............

तयार गर्ने

...................................

अनुगमन समितिको संयोजक

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- ५
(दफा १३ सँग सम्बन्धित)
**मूल्याङ्कनका आधारहरु**

**क) पेशागत र प्राविधिक योग्यता :**

| विवरण | अङ्क भार |
|---|---|
| विगत ३ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात | २० |
| विगत २ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात | १२ |
| विगत १ वर्षकोअवधिमा कार्यानुभव सहितको कागजात | ८ |

**ख) विगतको कार्यसम्पादन:**

| वर्ष | अङ्क भार |
|---|---|
| वार्षिक २ अङ्कले | १० |

**ग) माग गरेअनुसारको कागज सम्बन्धी:**

| विवरण | अङ्क भार |
|---|---|
| सम्पूर्ण कागतहरु पेश गरी पूर्ण रुपमा पेश भएको | १० |
| पेश नगरेको | ० |

**घ) स्रोत र अवस्था:**

| विवरण | अङ्क भार |
|---|---|
| १–३ लाखसम्म बैंक मौज्दात/कार्यपूँजी | २० |
| १–२ लाख सम्म बैंक मौज्दात/कार्यपूँजी | १६ |
| ५० हजार–१ लाख सम्म बैंक मौज्दात | १२ |
| ३०–५० हजार सम्म बैंक मौज्दात | ८ |

**ङ) कानूनी सक्षमता:**

| विवरण | अङ्क भार |
|---|---|
| कानूनी रुपमा आवश्यक सबै कागजात भएको र कुनै कानूनी सजाय नपाएको | १० |
| कारवाही भएको/ कालोसूचिमा भएको | ० |

**च) सेवाको उपलब्धता:**

| विवरण | अङ्क भार |
|---|---|
| आफैले गर्ने | १० |
| सहकार्य, साझेदारी बाट गर्ने | ८ |
| संकलन गरी गर्नेभए | ६ |

**छ) सेवा पछिको गुणस्तर**

| विवरण | अङ्क भार |
|---|---|
| कार्य सम्पन्न भए पछि सेवाको दीर्घकालिन गुणस्तर दिन सक्ने | १० |
| कार्य सम्पन्न भए पछि सेवाको दीर्घकालिन गुणस्तर दिन नसक्ने | ५ |

**ज) आवश्यक थप सेवा कोउपलब्धता:**

| विवरण | अङ्क भार |
|---|---|
| आवश्यक थप सेवाकोउपलब्धता हुने | १० |
| आवश्यक थप सेवाको उपलब्धता नहुने | ५ |



प्रमुख प्रशासकीय अधिकृत

अनुसुची- ६

(दफा १४ सँग सम्बन्धित)

नगरपालिका भित्र विभिन्न कार्यक्रम गर्ने संघ संस्थाहरुमा सार्वजनिक सूचना

देवाही गोनाही नगरपालिका क्षेत्रभित्र आर्थिक वर्ष २०.. ।.... मा आर्थिक , सामाजिक, साँस्कृतिक र विकासका क्षेत्रमा कार्यगर्ने गैरसरकारी संघ संस्थाबाट सामाजिक बिकासका क्षेत्रमा गरिने लगानिमा दोहोरोपना हटाउन, आपसमा परिपुरक समन्वय कायम गर्न, लगानिबाट नगरबासिहरुमा अधिकतम लाभ हासिल गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा अनुसार आयोजना, कार्यक्रम कार्यान्वयन र संचालन गर्दा नगरपालिकासँग समन्वय राखि गर्नुपर्ने व्यवस्था भए अनुसार देवाही गोनाही नगरपालिकाको.......................................शाखामा कार्यक्रमको उद्देश्य, लागत, कार्यक्रमस्थल, लक्षित समूह सहितको विवरण पेश गरी समन्वय गरेर मात्र आयोजना, कार्यक्रम कार्यान्वयन र संचालन गर्न सम्बन्धित सबै गैरसरकारी संघ संस्थाहरुलाई सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

........................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

सिकिन्द्र प्रसाद साह

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

देवाही गोनाही नगर कार्यपालिकाको